नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम

सिंहदरबार, काठमाण्डौं, नेपाल
फोन नं. : ०१-४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http:/pmep.gov.np

प.सं. ०७९/८०
च.नं./pmep/ ९८०

मिति: २०७९/०९/२४

श्री गाउँ पालिका तथा नगर कार्यपालिकाको कार्यालय (७५३ सबै)
मार्फत: संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

विषय :- रोजगार सेवा केन्द्रबाट श्रमको सम्मान, राष्ट्रको अभियान कार्यक्रम तथा सञ्चार क्रियाकलाप सञ्चालन गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा चालु आर्थिक वर्ष २०७९/०८० मा प्रधामन्त्री रोजगार कार्यक्रमको बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा मिति २०७९/०४/०५ को च.नं. ११ को पत्र मार्फत बजेट तथा कार्यक्रम कार्यान्वयन मार्गदर्शन सबै स्थानीय तहमा पत्राचार गरिएकोमा मार्गदर्शनको बुँदा नं. १० मा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तर्गतको बजेट उपशिर्षक ३७१००१०३ को खर्च शिर्षक २२५२२, क्रियाकलाप संकेत २.४.१.५ मा मन्त्रालयले तोके बमोजिम "श्रमको सम्मान, राष्ट्रको अभियान" कार्यक्रम सञ्चालन गर्ने गरी रू ५०,०००/- बजेट विनियोजन भएको व्यहोरा विदितै छ ।

सो सम्बन्धमा रोजगार सेवा केन्द्रबाट चालु आ.व. २०७९/८० मा "श्रमको सम्मान, राष्ट्रको अभियान" कार्यक्रम तपसिल बमोजिम संचालन गर्ने व्यवस्थाका लागि निर्णयानुसार अनुरोध छ ।

## श्रमको सम्मान, राष्ट्रको अभियान सञ्चालनका विषय र अपेक्षित नतिजा

| लक्षित वर्ग | विषय | सञ्चार गर्नु पर्ने | माध्यम | प्रतिफल | समय |
|---|---|---|---|---|---|
| क. कार्यक्रम: न्यूनतम रोजगार, नागरिकको अधिकार | | | | | |
| १८-५९ वर्ष उमेर समूह (महिला, आदीवासी, जनजाती, मधेसी, दलित तथा अन्य सिमान्तकृत समुदाय सहित) | बेरोजगार व्यक्तिको सुचीमा दर्ता हुन आवेदन प्रक्रिया र समय | रोजगारीको हक, रोजगारीमा प्राथमिकता र समय | रोजगार सेवा केन्द्रले माघ र फागुन महिनामा सामुदायिक भेला गरी जानकारी दिने। | बेरोजगार व्यक्तिले न्यूनतम रोजगारीमा संलग्न हुन आवेदन दिएका हुने। | माघ र फागुन महिना |

नेपाल सरकार
# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
## प्रधानमन्त्री रोजगार कार्यक्रम

सिहंदरबार, काठमाण्डौं, नेपाल
फोन नं. : ०१-४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http:/pmep.gov.np

प.सं. 065/80
च.नं./pmep/ 980

(२)

| लक्षित वर्ग | विषय | सञ्चार गर्नु पर्ने | माध्यम | प्रतिफल | समय |
|---|---|---|---|---|---|
| स्थानीय तहको जनप्रतिनिधी | न्यूनतम रोजगारीका लागि आवेदन तथा सामाजिक र आर्थिक उन्नतीमा सघाउ पुऱ्याउने आयोजनाको छनौट | विपन्नलाई रोजगारीमा सहभागि गराउने र लक्षित पूर्वाधार आयोजनालाई स्थानीय तहको योजना तर्जूमा प्रक्रियामा सहजिकरण | रोजगार सेवा केन्द्रले अभिमूखिकरण सञ्चालन गर्ने | विपन्न लक्षित योजना तर्जूमा प्रक्रियाका सहजिकरण भएको हुने | फागुन र चैत्र |
| नागरिक समाज | विपन्न वर्गलाई न्यूनतम रोजगारीमा सहभागि गराउने | विपन्नलाई न्यूनतम रोजगारीमा आवेदनका लागि प्रोत्साहन गर्ने सम्बन्धमा । | स्थानीय तहले स्थानीय आम सञ्चार माध्यमको प्रयोग गर्ने। | सामाजिक संरक्षणको दायरा अभिबृद्धि भएको हुने । | माघ र फागुन |
| वडा समिति | विपन्न लक्षित न्यूनतम रोजगारीको आवेदन र छानविन प्रक्रिया | वडा समितिले विपन्न वर्गलाई न्यूनतम रोजगारीमा कसरी सहभागि गराउने सम्बन्धमा । | रोजगार सेवा केन्द्रले अभिमूखिकरण र छलफल गर्ने। | वास्तविक बेरोजगार व्यक्तिको न्यूनतम रोजगारीमा सहभागिता अभिबृद्धि भएको हुने। | फागुन |
| स्थानीय निर्देशक समिति | सामाजिक संरक्षण, न्यूनतम रोजगारी र उपयोगी पूर्वाधार निर्माण | विपन्न लक्षित न्यूनतम रोजगारीको आवश्यकता र उपयोगी पूर्वाधार निर्माण कसरी गर्ने सम्बन्धमा | रोजगार सेवा केन्द्रले निर्देशक समितिका पदाधिकारीलाई अभिमूखिकरण दिने। | कार्यक्रमको उद्देश्य बमोजिमको बेरोजगार व्यक्तिको चयन, उपयोगी पूर्वाधार निर्माणका लागि श्रोतको साझेदारी | चैत्र |

..................
पंकज लाभ कर्ण
शाखा अधिकृत